बसाएं नसोधी यो मनभित्र सुटुक्क तिमीलाई
अर्पण गरें हृदयको फूल चुटुक्क तिमीलाई

न निल्नु न ओकल्नु भयो पिरती मलाई
सुपारी भए चपाइराख्थें कुटुक्क तिमीलाई

फगत एकै नजरमा प्रेमको रोगी बनायौ
औषधी भए पिईदिन्थें घुटुक्क तिमीलाई

तिम्रो स्पर्शको आनन्दले मताउने भए मलाई
प्रीत सुनाई निदाइदिन्थें लुटुक्क तिमीलाई

मायाको दरिलो डोरीले नकस धेरै मलाई
उमा, आंखा छली भगाइदिन्छु सुटुक्क तिमीलाई